# भाग २

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५५ सालको ऐन नं. ३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

## संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना: संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविध सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको सत्ताईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "संसदका महासचिव, प्रतिनिधि सभाका सचिव तथा राष्ट्रिय सभाका सचिवको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "महासचिव" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नियुक्त संसदका महासचिव सम्झनु पर्छ ।

(ख) "सचिव" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नियुक्त प्रतिनिधि सभाका सचिव वा राष्ट्रिय सभाका सचिव सम्झनु पर्छ ।

## परिच्छेद - २

## योग्यता, पदावधि, पारिश्रमिक र अन्य सुविधा

३. योग्यताः महासचिव तथा सचिव हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक भएको,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) श्री ५ को सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरेको,

(ग) नियुक्त हुनुभन्दा तत्काल अगाडि कुनै राजनैतिक दलको सदस्य नरहेको, र

(घ). महासचिवको हकमा पैंतालीस वर्ष र सचिवको हकमा चालीस वर्ष उमेर पूरा भएको ।

तर हाल बहाल रहेका महासचिव र सचिवको हकमा यो व्यवस्था लागू हुने छैन ।

४. <u>पदावधि</u>: महासचिव र सचिवको पदावधि पाँच वर्षको हुनेछ र निजहरु पुन: नियुक्त हुन सक्नेछन् ।

तर सो पदावधि पूरा हुनु अगावै महासचिव र सचिवको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा निजहरु आफ्नो पदमा बहाल रहने छैनन् ।

५. <u>महासचिव वा सचिवको पद रिक्त हुने अवस्था</u>: देहायका अवस्थामा महासचिव वा सचिवको पद रिक्त भएको मानिनेछ :-

(क) निजको मृत्यु भएमा, वा

(ख) श्री ५ समक्ष निजले पेश गरेको लिखित राजिनामा मौसूफबाट स्वीकृत गरिबक्सेमा, वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दफा ४ बमोजिम निजको पदावधि पूरा भएमा वा निज आफ्नो पदमा नरहेमा, वा

(घ) कार्यक्षमताको अभाव वा खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालन इमान्दारीपूर्वक नगरेकोले महासचिवको हकमा सभामुख र अध्यक्षको सिफारिसमा र सचिवको हकमा सम्बन्धित सभाका सभामुख वा अध्यक्षको सिफारिसमा श्री ५ बाट पदमुक्त गरिबक्सेमा ।

६. पारिश्रमिक: (१) महासचिव र सचिवले अनुसूची - १ मा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउने छन् ।

(२) महासचिव वा सचिवले यस ऐनको दफा ५ को खण्ड (घ) बाहेक अन्य कुनै कारणबाट अवकाश पाएमा निजलाई आफ्नो पदमा कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको थप पारिश्रमिक दिइनेछ ।

(३) उपदफा (२) बमोजिम महासचिव वा सचिवले पाउने पारिश्रमिक तथा थप पारिश्रमिक अवस्था अनुसार निजलाई वा निजले इच्छाएको व्यक्तिलाई दिइनेछ । महासचिव वा सचिवको मृत्यु भएमा निजले कसैलाई इच्छाएको रहेनछ वा इच्छाएको व्यक्ति पनि जीवित रहेनछ भने त्यस्तो पारिश्रमिक निजको नजिकको हकवालालाई दिइनेछ ।

१४८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. <u>आवास सुविधा</u>: (१) महासचिव र सचिवलाई आवासको निमित्त श्री ५ को सरकारबाट सरकारी घरको बन्दोबस्त हुनेछ । सरकारी घरको बन्दोबस्त नभएकोमा वा काठमाडौं उपत्यकामा आफ्नो उपयुक्त घर नभई घर भाडामा लिनु परेमा महासचिव र सचिवलाई घरभाडा बापत प्रतिमास श्री ५ को सरकारले तोकिदिए बमोजिमको रकम दिइनेछ ।

(२) उपदफा (१) बमोजिम बन्दोबस्त भएको सरकारी घरको मर्मत, संभार श्री ५ को सरकारबाट हुनेछ ।

(३) निजी घरमा बस्ने महासचिव र सचिवलाई घर मर्मत र सरसफाईको निमित्त मासिक एकहजार पाँचसय रुपैयाँ दिइनेछ ।

(४) यस दफा बमोजिमको सुविधा महासचिव र सचिवलाई पदावधि समाप्त भएको मितिले सात दिनसम्म दिइनेछ ।

८. <u>बिजुली, धारा र टेलिफोन सुविधा</u>: (१) महासचिव र सचिवको आवासमा एक लाईन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम श्री ५ को सरकारले व्यहोर्नेछ ।

(२) महासचिव र सचिवलाई बिजुली, धारा र टेलिफोनको महसुल बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ ।

९. <u>सवारी तथा इन्धन सुविधा</u>: (१) महासचिव र सचिवलाई सवारीको निमित्त ड्राइभर सहितको छुट्टा छुट्टै मोटर र अनुसूची-१ मा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आफ्नो निजी मोटर प्रयोग गर्ने महासचिव र सचिवलाई ड्राईभरको निमित्त श्री ५ को सरकारको हलुका सवारी चालकको तलबमानको शुरु अंक बराबरको रकम, मोटरको मर्मत तथा संभार बापतको अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम तथा उपदफा (१) बमोजिम पाउने इन्धन र मोबिल उपलब्ध गराइनेछ ।

(३) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मोटरको मर्मत र सम्भार तथा ग्रीजको बन्दोबस्त केन्द्रीय सेवा विभागबाट हुनेछ ।

(४) महासचिव र सचिवलाई यस दफा बमोजिमको सुविधा यस ऐनको दफा ५ को खण्ड (घ) को अवस्थामा बाहेक निजले आफ्नो पदबाट अवकाश पाएको मितिले सात दिनसम्म दिइनेछ ।

१०. दशैं खर्चः महासचिव र सचिवले प्रत्येक वर्ष दशैं खर्च बापत आफूले खाइपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम पाउनेछन् ।

## परिच्छेद - ३
## दैनिक तथा भ्रमण भत्ता

११. दैनिक तथा भ्रमण भत्ताः (१) महासचिव र सचिवलाई आफ्नो ओहदा सम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ :-

(क) दैनिक भत्ताः अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम ।

(ख) भ्रमण भत्ताः

९४३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) पैदल भ्रमण गर्दा अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम ।

(२) बसबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(३) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(४) हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने टिकट खर्च ।

(५) अन्य सवारीबाट भ्रमण गर्दा एकजनालाई लाग्ने भाडा ।

(२) महासचिव र सचिवलाई सरकारी काममा वा श्री ५ को सरकारको तर्फबाट कुनै समारोह, उत्सव, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन नेपाल अधिराज्य बाहिर भ्रमण गर्दा देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता दिइनेछ :-

(क) दैनिक भत्ता: अनुसूची - २ मा उल्लेख भए बमोजिमको रकम ।

(ख) भ्रमण भत्ता:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) मोटरबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बिल बमोजिमको मोटर भाडा ।

(२) रेलबाट भ्रमण गर्दा एकजनालाई लाग्ने पहिलो दर्जाको टिकट खर्च ।

(३) हवाईजहाजबाट भ्रमण गर्दा एकजनालाई लाग्ने इकोनोमी दर्जाको टिकट खर्च ।

(४) जलमार्गबाट भ्रमण गर्दा एकजनालाई लाग्ने बिल बमोजिमको खर्च ।

(३) महासचिव र सचिवले नेपाल अधिराज्य बाहिर औपचारिक रुपमा विदेशी राष्ट्रको अतिथीको रुपमा भ्रमणमा जाँदा त्यस्तो राष्ट्रमा रहुन्जेलसम्म उपदफा (२) को खण्ड (क) बमोजिम पाउने दैनिक भत्ताको आधाको दरले मात्र दैनिक भत्ता पाउनेछन् ।

१२. <u>भ्रमण सम्बन्धी अन्य व्यवस्था</u>: (१) महासचिव र सचिवले भ्रमणबाट फर्केको दिनको आधा दैनिक भत्ता पाउनेछ र त्यस्तो भत्ता फर्केको दिनको अघिल्लो दिन बसेको स्थानको लागि पाउने न्यूनतम दैनिक भत्ताको आधा हुनेछ ।

(२) भ्रमण भत्ताको भुक्तानीको निमित्त महासचिव र सचिवले भ्रमणबाट फर्केको मितिले पैंतीस दिनभित्र भ्रमण बिल भरी कोष प्रमाण, लगबुक, भरपाई आदि आवश्यक प्रमाणहरु उपलब्ध गराउन पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५१

१३. <u>बीमा खर्च</u>: महासचिव र सचिवले सरकारी कामको सिलसिलामा नेपाल अधिराज्यभित्र वा बाहिर भ्रमण गर्दा दुई लाख रुपैयाँ बराबरको दुर्घटना बीमा गराउन सक्नेछन् र सो बापत लाग्ने खर्च श्री ५ को सरकारले व्यहोर्नेछ।

१४. <u>विदेशी मुद्रा सटही सुविधा</u>: (१) महासचिव र सचिवलाई एक आर्थिक वर्षमा निजको वार्षिक पारिश्रमिक रकमको एक तिहाई रकम बराबरको विदेशी मुद्रा सटही सुविधा दिइनेछ।

(२) यस दफा बमोजिमको सुविधा महासचिव र सचिवलाई विदेश भ्रमण गरेमा मात्र दिइनेछ।

१५. <u>लुगा भत्ता</u>: (१) महासचिव र सचिवलाई आफ्नो ओहदा सम्बन्धी काममा कुनै समारोह, उत्सव, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार आदिमा भाग लिन नेपाल अधिराज्य बाहिर जाँदा तीन वर्षमा एकपटक लुगा भत्ता बापत अनुसूची-२ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

(२) उपदफा (१) बमोजिम नेपाल अधिराज्य बाहिर जाँदा महासचिव र सचिवले आफ्नो श्रीमती समेत साथमा लैजाने स्वीकृति पाएमा श्रीमतीको लागि तीन वर्षमा एकपटक आफ्नो एक महिनाको पारिश्रमिकको आधा रकम लुगा भत्ता बापत पाउनेछन्।

१६. <u>नेता भत्ता</u>: महासचिव र सचिवले प्रतिनिधिमण्डलको नेताको रुपमा नेपाल अधिराज्य बाहिर जाँदा आफूले पाउने दैनिक भत्ताको पच्चीस प्रतिशत थप रकम नेता भत्ता बापत पाउनेछन्।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद – ४

## बिदा

१७. बिदा: (१) महासचिव र सचिवले पूरा पारिश्रमिक सहितको देहाय बमोजिमका बिदाहरु पाउन सक्नेछन् :–

(क) पर्व बिदा र भैपरी आउने बिदा,
(ख) घर बिदा,
(ग) बिरामी बिदा,
(घ) किरिया बिदा, र
(ङ) प्रसूति बिदा।

(२) महासचिव र सचिवले प्रत्येक वर्ष भैपरी आउने बिदा ६ दिन र पर्व बिदा ६ दिन लिन पाउनेछन्।

(३) महासचिव र सचिवले काम गरेको अवधिको बाह्र दिनको निमित्त एक दिनको दरले घर बिदा पाउनेछन्। घर बिदा बढीमा एक शय बीस दिनसम्म संचित गरी राख्न सकिनेछ। घर बिदाको प्रयोगको निमित्त काम गरेको अवधि कायम गर्दा भैपरी आउने बिदा र पर्व बिदा बसेको दिन र सार्वजनिक बिदाको दिन समेत काम गरेको दिनमा जोडिनेछ।

(४) महासचिव र सचिवले प्रत्येक वर्ष बाह्र दिन बिरामी बिदा पाउन सक्नेछन्। त्यस्तो बिरामी बिदा जति पनि संचित गरी राख्न सकिनेछ।

(५) महासचिव र सचिवले आफैं किरिया बस्नु परेमा कुल धर्म हेरी बढीमा पन्ध्र दिनसम्मको किरिया बिदा लिन पाउनेछन्।

९५२


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) महिला महासचिव र महिला सचिव गर्भवती भएमा निजहरुले सुत्केरीको अघिपछि गरी सेवा अवधिभरमा दुईपटक मात्र प्रत्येकपटक साठी दिन प्रसूति बिदा पाउनेछन् ।

(७) महासचिव र सचिवले आफ्नो पदबाट अवकाश पाएमा उपदफा (३) र (४) बमोजिम संचित रहेको बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछन् ।

१८. <u>बिदा दिने अधिकारी</u>: (१) महासचिवले पर्व बिदा, भैपरी आउने बिदा आफै लिन सक्नेछ र अन्य बिदा प्रतिनिधि सभाको सभामुखबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) प्रतिनिधि सभाको सचिवले पर्व बिदा र भैपरी आउने बिदा महासचिवबाट र अन्य बिदा प्रतिनिधि सभाको सभामुखबाट स्वीकृत गराउनु पर्नेछ ।

(३) राष्ट्रिय सभाको सचिवले पर्व बिदा र भैपरी आउने बिदा महासचिवबाट र अन्य बिदा राष्ट्रिय सभाको अध्यक्षबाट स्वीकृत गराउनु पर्नेछ ।

## परिच्छेद – ५

## <u>उपचार खर्च, निवृत्तभरण र उपदान</u>

१९. <u>उपचार खर्च</u>: (१) महासचिव वा सचिवले आफूले बिरामी भई उपचार गराउँदा देहाय बमोजिमको उपचार खर्च पाउनेछ :-

(क) अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधि खर्च ।

तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस्) उल्लेख भएको हुनुपर्नेछ ।

(ख) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको बिल बमोजिमको खर्च ।

तर निजी नर्सिङ्ग होममा चिरफार गरेको खर्च भने दिइने छैन ।

(ग) चश्मा, दाँत, एयरफोन आदि उपकरणको लागि श्री ५ को सरकारले तोकिदिएको रकम मध्ये लागेको बिल बमोजिमको खर्च ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महासचिव र सचिवले आफ्नो कार्यकालभर पाउने उपचार खर्चको रकम निजले पाउने बाह्र महिनाको पारिश्रमिक बराबरको रकमभन्दा बढी हुने छैन ।

(३) श्री ५ को सरकारद्वारा नियुक्त चिकित्सकहरुको समितिले नेपाल अधिराज्यभित्र औषधि उपचार हुन नसक्ने भनी सिफारिस गरेमा विदेशमा गई उपचार गराउन चाहने महासचिव र सचिवलाई उपदफा (१) बमोजिम पाउने उपचार

१५५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) महासचिव वा सचिवले सेवाबाट अलग हुँदा उपदफा (२) बमोजिम पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकमको दुईतिहाईको हिसाबले हुने एकमुष्ट रकम लिन पाउनेछ ।

तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएको महासचिव वा सचिवले त्यस्तो बाँकी भए जति पूरै रकम एकमुष्ट लिन पाउनेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि महासचिव वा सचिवको पदमा पाँच वर्ष सेवा नगरी सेवाबाट अलग हुने महासचिव र सचिवलाई उपचार खर्च दिंदा यस ऐन बमोजिम पाउने सम्पूर्ण उपचार खर्चको रकमलाई पाँच वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ ।

(६) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै महासचिव वा सचिवको मृत्यु भएमा दफा १९ बमोजिम पारिवारिक निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले सो उपचार खर्च लिन पाउनेछ ।

२०. <u>निवृत्तभरण वा उपदान</u>: (१) महासचिव वा सचिवको पदमा नियुक्ति भएको व्यक्ति सो पदबाट अवकाश प्राप्त गरेपछि निजले देहाय बमोजिमको निवृत्तभरण वा उपदान पाउनेछ :–

(क) महासचिव वा सचिवको पदमा दश वर्ष सेवा अवधि पूरा गरिसकेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भए आफ्नो मासिक पारिश्रमिकको छैंसठ्ठी प्रतिशत रकम निवृत्तभरण ।

(ख) सरकारी सेवामा बहाल रहेको वा बहाल गरिसकेको व्यक्ति महासचिव वा सचिवको पदमा नियुक्त भई सेवाबाट अवकाश पाएमा निजले त्यसरी अघि गरेको सेवा अवधि र महासचिव वा सचिवको पदमा काम गरेको सेवा अवधि जोड्दा बीस वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा हुने रहेछ भने निजले खण्ड(क) बमोजिमको मासिक निवृत्तभरण वा देहायको हिसाबले हुने मासिक निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ :-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{मासिक पारिश्रमिक}}{५०}$$

<u>स्पष्टीकरण:</u> यस खण्डको प्रयोजनको लागि "सरकारी सेवामा काम गरेको अवधि" भन्नाले श्री ५ को सरकारबाट निवृत्तभरण पाउन सक्ने कुनै पदमा नियुक्त भई काम गरेको अवधिलाई जनाउनेछ ।

(ग) खण्ड (क) वा (ख) बमोजिम हिसाब गर्दा महासचिव वा सचिवको सेवा अवधि दश वा बीस वर्ष नपुग्ने भएमा जति वर्ष सेवा पूरा भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

छ, सो पूरा गरेको वर्ष संख्यालाई निजले खाइपाई आएको डेढ महिनाको पारिश्रमिकको अंकले गणना गर्दा हुन आउने अंक बराबरको एकमुष्ट रकम उपदान पाउनेछ ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम निवृत्तभरणको अवधि गणना गर्ने प्रयोजनको लागि महासचिव वा सचिवको पदमा काम गरेको अवधिमा सरकारी सेवाको पदमा काम गरेको कुल अवधिको आधा जोडी गणना गरिनेछ ।

(३) श्री ५ को सरकारको सेवा गरे बापत उपदान पाइसकेको कुनै व्यक्ति महासचिव वा सचिवको पदमा नियुक्त भएमा निजले त्यसरी नियुक्त भएको एक वर्ष भित्र आफूले अघि पाएको उपदानको पूरा रकम फिर्ता गरेमा मात्र निजले अघि गरेको सेवा अवधि निवृत्तभरणको प्रयोजनको लागि गणना गरिनेछ ।

(४) यस दफा बमोजिम महासचिव वा सचिवले पाउने उपदानको रकम निजको बाह्र महिनाको पारिश्रमिक रकमभन्दा बढी हुने छैन ।

(५) महासचिव वा सचिवको पारिश्रमिक वृद्धि हुँदा खाइपाई आएको पारिश्रमिकमा जति रकम वृद्धि भएको छ, त्यसको दुइतिहाई रकम निवृत्तभरण पाइरहेको महासचिव र सचिवको निवृत्तभरणको रकममा पनि थप गरिनेछ ।

(६) श्री ५ को सरकारको सेवा गरे बापत निवृत्तभरण पाइरहेको व्यक्ति महासचिव वा सचिवको पदमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियुक्त भई यस ऐन बमोजिम पनि निवृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाइरहेको निवृत्तभरण र यस ऐन बमोजिम पाउने निवृत्तभरण मध्ये कुनै एक रोज्न सक्नेछ ।

(७) माथि उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा ५ को खण्ड (घ) को आधारमा पदबाट हटाइएको महासचिव वा सचिवले यस ऐन बमोजिमको निवृत्तभरण वा उपदानको सुविधा पाउने छैन ।

२१. <u>पारिवारिक निवृत्तभरण वा उपदान</u>: (१) महासचिव वा सचिवले आफ्नो परिवारका सदस्यहरु मध्ये कसैलाई इच्छाएको भए त्यस्तो व्यक्तिलाई र त्यस्तो इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा कसैलाई पनि नइच्छाएकोमा निजको परिवारका सदस्यहरु मध्ये नजिकको हकवालालाई देहायका आधारमा दफा १८ बमोजिमको निवृत्तभरण दिइनेछ :-

(क) पदमा बहाल छँदै महासचिव वा सचिवको मृत्यु भएमा मृत्यु भएको मितिदेखि सात वर्षसम्म,

(ख) दफा १८ बमोजिम निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सो सात वर्ष पुग्न बाँकी अवधिसम्म ।

(२) पदमा बहाल छँदै महासचिव वा सचिवको मृत्यु भएमा र दफा १८ बमोजिम निवृत्तभरण पाउने नभई उपदान मात्र पाउने रहेछ भने सो उपदान रकम निजको परिवारका सदस्यहरु मध्ये उपदफा (१) बमोजिमको निवृत्तभरण पाउने व्यक्तिले पाउनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमको पारिवारिक निवृत्तभरण पाउने अवधि भुक्तान भइसकेपछि मृत महासचिव वा सचिवको विधवा पत्नी वा विधुर पतिले जीवनभर त्यस्तो निवृत्तभरणको आधा रकम लिन पाउनेछ ।

तर त्यस्तो व्यक्तिले आफूले गरेको सरकारी सेवा बापत निवृत्तभरण पाइसकेको भएमा यस उपदफा बमोजिमको निवृत्तभरण पाउने छैन ।

(४) बहालवाला महासचिव वा सचिवको पारिश्रमिक वृद्धि हुँदा खाइपाई आएको पारिश्रमिकमा जति वृद्धि भएको छ, त्यसको दुइतिहाई रकम उपदफा (१) र (३) बमोजिम पारिवारिक निवृत्तभरण पाईरहेको व्यक्तिले खाइपाई आएको पारिवारिक निवृत्तभरणमा पनि थप गरिनेछ ।

मुद्रण विभाग

१६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद – ६
## विविध

२२. सञ्चयकोषः श्री ५ को सरकारले महासचिव र सचिवको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चयकोष कट्टा गरी सो कट्टी रकममा शतप्रतिशत रकम थप गरी सञ्चयकोषमा जम्मा गरिदिनेछ ।

२३. पारिश्रमिक तथा अन्य सुविधामा थपः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गरी यस ऐन बमोजिम महासचिव र सचिवले पाउने पारिश्रमिक तथा सुविधामा थप गर्न सक्नेछ ।

२४. शपथ ग्रहणः (१) महासचिवले श्री ५ समक्ष अनुसूची – ३ मा लेखिए बमोजिम पद र गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) प्रतिनिधि सभाको सचिवले सभामुख समक्ष अनुसूची – ३ मा लेखिए बमोजिम पद र गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

(३) राष्ट्रिय सभाको सचिवले अध्यक्ष समक्ष अनुसूची – ३ मा लेखिए बमोजिम पद र गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

१६१


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - १

( दफा ६ को उपदफा (१), दफा ८ को उपदफा (२), दफा ९ को उपदफा (१) र (२) तथा दफा ११ को उपदफा (१) संग सम्बन्धित )

### महासचिव र सचिवले पाउने पारिश्रमिक, सुविधा तथा भत्ता

| क्र.सं. | पारिश्रमिक, सुविधा तथा भत्ताको किसिम | महासचिव | सचिव |
|---|---|---|---|
| १. | पारिश्रमिक (प्रतिमहिना) | रु. ८,०००।- | रु. ७,०००।- |
| २. | बिजुली, धारा र टेलिफोनको महसुल बापत (प्रतिमहिना) | रु. १,२००।- | रु. ७००।- |
| ३. | पेट्रोल (मासिक) | १५० लिटर | १०० लिटर |
| ४. | मोबिल (त्रैमासिक) | ५ लिटर | ५ लिटर |
| ५. | दैनिक भत्ता (प्रतिदिन) | रु. १६५।- | रु. १४०।- |
| ६. | भ्रमण भत्ता (प्रतिकोष) | रु. २५।- | रु. १५।- |
| ७. | मोटर मर्मत तथा सम्भार बापत (प्रतिमहिना) | रु. १,५००।- | रु. १,५००।- |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - २

( दफा ११ को उपदफा (२) को खण्ड (क) तथा दफा १५ को उपदफा (१) संग सम्बन्धित )

महासचिव र सचिवले विदेश भ्रमण गर्दा पाउने दैनिक भत्ता र लुगा भत्ता

| क्र.सं. | दैनिक भत्ता र लुगा भत्ता | महासचिव | सचिव |
|---|---|---|---|
| १ | जापान, दक्षिण कोरिया, फिलिपिन्स बाहेक अन्य सबै एशियाली मुलुकहरुमा अमेरिकी डलर ( तर भारतको हकमा त्यस्तो परिबर्त्य विदेशी मुद्रा बराबरको भारतीय मुद्रामा ) | १०० | १०० |
| २ | जापान, दक्षिण कोरिया, फिलिपिन्स लगायत क्र.सं. १ मा उल्लेखित मुलुकहरु बाहेक बाँकी सबै मुलुकहरुमा अमेरिकी डलर | १२५ | १२५ |
| ३ | लुगा भत्ता रु. | ४,९५०।- | ४,२००।- |

१६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची - ३
( दफा २४ संग सम्बन्धित )

शपथ

नेपाल अधिराज्यको संविधान, २०४७ प्रति निष्ठावान रही आफूले ग्रहण गरेको महासचिव/सचिवको पदको जिम्मेवारी र कर्तव्य पालन कसैको डर, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी इमान्दारीसाथ विवेकपूर्वक गर्नेछु र आफ्नो कर्तव्य पालनको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुनै कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक अरु कुनै अवस्थामा कसैलाई कुनै माध्यमबाट पनि आफू पदमा बहाल रहे नरहेको जुनसुकै अवस्थामा प्रकट गर्ने छैन भनी म ... ... ... ... ... ... ... .ईश्वरलाई साक्षी राखी/सत्य निष्ठापूर्वक शपथ लिन्छु।

मिति : ... ... ... ... ... ... ...

... ... ... ... ... ...
हस्ताक्षर

लालमोहर सदर मिति:- २०५५।३।१८।५

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।